पाठ
२

# मण्डलीहरू पवित्र आत्माको अधीनमा रहन्छन्

हामीले यस पाठलाई वसन्त ऋतुको समयमा लेखेका हौं! रूखका हाँगाहरूले पालुवा फेरी हल्का र सुन्दर हरियालीमा नयाँ जीवनको अनुभव गरिरहेका थिए। कोपिलाहरू फुटेर सेता वा गुलाबी वा पहेंला रङ्गहरूमा फुलिरहेका थिए। नीला, राता, पहेंला र सुन्तला रङ्गका चम्किला फूलहरू फुली बगैंचाहरूलाई हराभरा र सुन्दर बनाएका थिए। अति नै सुन्दर वसन्त ऋतुको समयको बारेमा सोलोमन राजाले लेखेका छन्ः

"हेर, अब हिउँद बित्यो, वर्षा पनि सिद्धियो;
पृथ्वीमा फूलहरू देखा पर्न थाले;
गीत गाउने समय आयो;
र ढुकुर कुर्लेको सोर
हाम्रो देशमा सुनिन्छ।
अञ्जीरका बोटमा अञ्जीरका हरिया दाना लागेका छन्।
र दाखबारीमा दाखको फूलले मीठो बास्ना फिँजाउँछ"
–(श्रेष्ठगीत २:११-१३)।

मण्डलीहरूमा पवित्र आत्माको काम वसन्त ऋतुको सुन्दरता-जस्तै हो! जब मानिसहरूका समुदायले उहाँको काममा आफैलाई समर्पण गर्छन्, उहाँले तिनीहरूलाई नयाँ जीवन र उज्ज्वलता



दिएर पुनर्जीवित पार्नुहुन्छ। अविश्वासीहरूले "पवित्र आत्माको कामद्वारा आत्मिक जन्म प्राप्त गर्छन्" (यूहन्ना ३:६)।

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

पवित्र आत्मा र विश्वासी
पवित्र आत्माको अभिषेक
मण्डली निर्माण गर्नका लागि आत्मिक वरदानहरू

**यस पाठले तपाईंलाई यी विषयहरूमा सहायता पुऱ्याउनेछ. . .**

- विश्वासीहरू *भित्र* र विश्वासीहरू *माथि* पवित्र आत्माको आगमनको बीचको भिन्नतालाई व्याख्या गर्न
- पवित्र आत्माको अभिषेक भन्नाले के बुझिन्छ सो वर्णन गर्न।
- पवित्र आत्माका वरदानहरूले कसरी मण्डलीको निर्माण गर्छन् सो बुझ्न।

## पवित्र आत्मा र विश्वासी

उद्देश्य १ *पवित्र आत्माको वास र बप्तिस्माको बीचमा भिन्नता देखाउनुहोस्।*

दक्षिण अफ्रिकामा मिशनरीको काम गर्ने फेडेरिक बर्केले पवित्र आत्मामा बप्तिस्मा पाएको बारेमा हामीलाई आफ्नो साक्षी दिएका छन्ः

"बाइबल स्कूलमा अध्ययन गर्ने म एक जवान मानिस थिएँ। परमेश्वरले विद्यार्थीहरूमाथि आफ्नो आत्मा खन्याउँदै हुनुहुन्थ्यो। मैले पनि परमेश्वरसँग प्रार्थना गर्न थालें। म पवित्र आत्माले भरिन चाहन्थें। एक रात जब म शान्त भएर उहाँको अगाड़ि पर्खिरहेको थिएँ, येशूले प्रार्थना गर्नुभएको बगैंचाबाट पवित्र आत्माले मलाई लानुभएकोजस्तो मलाई लाग्यो, त्यसपछि न्यायआसन र कलवरीतर्फ। मेरा मुक्तिदाताका कष्टमा सहभागी भएकोजस्तो मलाई लाग्यो र परमेश्वरको अगाड़ि म रोएँ।

तब पवित्र आत्मा ममाथि आउनुभयो, उहाँको शक्तिले मेरो पूरै व्यक्तित्वलाई नभरून्जेल उहाँले ममाथि गहिरो किसिमले सास फुकिरहनुभयो। मैले शुरूमा भकभके भाषामा बोल्न शुरू गरें र त्यसपछि स्पष्ट भाषामा बोल्न लागें। मेरो आत्मा परमेश्वरको महिमाले भरिएको थियो। महान् बप्तिस्माकर्ता येशू आउनुभयो र पवित्र आत्मामा मलाई बप्तिस्मा दिनुभयो। मेरो आत्मा उहाँको भलाइले भरिएको थियो।

यस बप्तिस्माले मेरो जीवनमा ठूलो भिन्नता ल्यायो। म काँतर थिएँ र समूहमा उभिएर बोल्न सक्दैनथें। अब मैले एक्कासि साहस प्राप्त गरें। ठूलो मण्डली सभाको अगाड़ि जब म उभिएँ मेरो मुखबाट बरबर्ती शब्दहरू निस्के। शक्तिशाली

रूपमा परमेश्वरको वचन प्रचार गरेको मैले अनुभव गरें, यद्यपि यो गर्ने म आफैचाहिँ थिइनँ तर परमेश्वरका आत्मा मद्वारा बोलिरहनुभएको थियो।

"म स्कूलमा छँदा नै, परमेश्वरले मलाई अफ्रिकामा बोलाउनुभयो र पछि त्यहाँ जानका लागि मेरो निम्ति बाटो पनि खोलिदिनुभयो। ६० वर्षसम्म सेवा गर्नका लागि जुन मौका उहाँले मलाई दिनुभयो, पवित्र आत्माको अभिषेक मसँग भएको मैले अनुभव गरेको छु।"

फेडेरिक बर्केकोजस्तो साक्षीको कारण मरियमले पनि पवित्र आत्माको बारेमा अझ धेरै विचार गर्न शुरू गरिन्। एक साँझ तिनी मण्डली सेवामा गइरहेकी बेलामा तिनले एक्कासि प्रश्न गरिन्, "पवित्र आत्मा मभित्र हुनुभएको कारणले नै मैले अहिले उद्धार पाएकी होइन र?"

"हो, प्रिय, तिमीलाई ख्रीष्टमा डोऱ्याउने काम पवित्र आत्माकै हो र उहाँ अहिले तिमीभित्र हुनुहुन्छ," भनी तिमोथीले जवाफ दिए।

"यदि पवित्र आत्मा हामीसँग हुनुहुन्छ भने, किन पवित्र आत्मा पाउनुपर्छ भनी मानिसहरू कुराकानी गर्छन् त?"

"किनकि– ओहो, लोक यहाँ छन्। मैलेभन्दा पनि उनले अझै राम्रोसँग व्याख्या गर्न सक्छन्जस्तो मलाई लाग्छ।"

तिनीहरूका मित्र लोकले तिनीहरूका प्रश्नहरू सुन्छन् र त्यसपछि मरियमलाई भन्छन्, "हो मरियम, विश्वासीका रूपमा तिमीमा पवित्र आत्मा जिउनुहुन्छ। गलाती ४:६-मा हामी पढ्छौं, तिमीहरू पुत्र भएका हुनाले परमेश्वरले आफ्ना पुत्रको आत्मा हाम्रा हृदयमा पठाइदिनुभयो। १ कोरिन्थी ३:१६-मा यसो पनि भनिएको छ कि परमेश्वरका पवित्र आत्मा हामीमा

वास गर्नुहुन्छ। हामी परमेश्वरका सन्तान भएका हुनाले पवित्र आत्मा हामीभित्र वास गर्नुहुन्छ।''

लोकले निरन्तररूपमा व्याख्या गरी नै रहे। ''जीवन परिवर्तनपछि पवित्र आत्मा पाउने बारेमा मानिसहरूले कुराकानी गरेको तिमीले सुन्दा तिनीहरूले *पवित्र आत्मामा बप्तिस्मा पाउने* कुरा भनेका हुन्। जब तिम्रो जीवन परिवर्तन हुन्छ वा तिमीले नयाँ जन्म पाउँछयौ, तिम्रो *हृदयमा* वास गर्नका लागि पवित्र आत्मा आउनुहुन्छ। जब विश्वासीहरूले पवित्र आत्मामा बप्तिस्मा पाउँछन्, उहाँ तिनीहरू*माथि* आउनुहुन्छ, *भरेर पोखिने* गरी उहाँले तिनीहरूलाई भर्नुहुन्छ। योचाहिँ हामीमाथि परमेश्वरका आत्मा खन्याइनेजस्तो हो।

अब हामी बाइबलका केही पदहरूलाई हेरौं। प्रेरित २:१७-ले बताउँछ, ''आखिरी दिनहरूमा यस्तो हुनेछ भनी परमेश्वर भन्नुहुन्छः म सबै मानिसहरूमाथि मेरा आत्मा खन्याइदिनेछु।'' यहाँ पत्रुसले व्याख्या गरिदिएका छन् कि पवित्र आत्मा खन्याइने कुरा योएल २:२८-मा दिइएको अगमवाणीको परिपूर्ति हो। पत्रुस अझ भन्दै गएः

> यिनै येशूलाई परमेश्वरले जीवित पार्नुभयो ... यसैकारण परमेश्वरको दाहिने बाहुलीपट्टि उहाँ उच्च पारिनुभयो, र पिताबाट पवित्र आत्माको प्रतिज्ञा पाउनुभयो, र उहाँले यो खन्याइदिनुभएको हो, जो तपाईंहरू देख्नु र सुन्नुहुन्छ (प्रेरित २:३२-३३)।

''शुरूको एकलेसिया (मण्डली)-का विश्वासीहरूले झैं आजका विश्वासीहरूले पनि पवित्र आत्माको खन्याइलाई प्राप्त गर्न सक्छन्। आफू स्वर्गारोहण हुनुभन्दा अगाड़ि येशूले भन्नुभयो, ''हेर, म मेरा पिताका प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु'' (लूका २४:४९)।

"कसैले पवित्र आत्माको यस खन्याइलाई प्राप्त गर्दा के हुन्छ?'' भनी मरियमले प्रश्न गरिन्। "अचम्मका कुराहरू हुन्छन्'' भनी लोकले जवाफ दिए।'' जब तपाईंले प्रभुलाई आराधना गर्नुहुन्छ र आफैलाई पूर्ण रूपले उहाँमा समर्पण गर्नुहुन्छ, पवित्र आत्मा तपाईंमाथि आउनुहुन्छ। तब तपाईंले कहिल्यै नसिक्नुभएका शब्दहरूमा तपाईंद्वारा उहाँ बोल्नुहुन्छ। प्रभुको महिमा गर्नका लागि पवित्र आत्माले तपाईंको आवाज प्रयोग गर्नुहुन्छ।

"पेन्तिकोसको दिनमा स्त्री र पुरुष दुवै गरी करीब १२० जना विश्वासीहरू पवित्र आत्माद्वारा भरिए र आत्माले तिनीहरूलाई क्षमता दिनुभएअनुसार तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे। तिनीहरू भिन्दाभिन्दै भाषाहरूमा बोल्न लागे, जुन भाषाहरू पवित्र आत्माद्वारा तिनीहरूलाई दिइएका थिए। परमेश्वरले गर्नुभएका महान् कुराहरूका बारेमा सबैले बताइरहेका थिए'' (प्रेरित १:१५; २:५-१२)।

यो कुरा सुनिसकेपछि "म कसरी प्राप्त गर्न सक्छु त?'' भनी मरियमले सोधिन्। "ममाथि पवित्र आत्मा आउनुभएको म चाहन्छु,'' भनी तिनले भनिन्!

लोक मुस्कुराए। "मरियम, यो अनुभव तपाईंको निम्ति पनि हो। प्रभुको अगाड़ि आफ्नो हृदय खोल्नुहोस् र उहाँलाई प्रशंसा गर्न थाल्नुहोस्। तपाईंले उहाँलाई आराधना गर्नुहुँदा उहाँमा समर्पित हुनुहोस् र तपाईंको निम्ति भएको उहाँको वरदानलाई स्वीकार गर्नुहोस्। प्रभु येशू आफैले नै तपाईंलाई भरेर पोखिने गरी पवित्र आत्माले भर्नुहुनेछ। आज सारा संसारभरि नै करोड़ौं विश्वासीहरूमाथि परमेश्वरले पवित्र आत्मा खन्याइरहनुभएको छ। अनि कसैले पनि यस आशिष्बाट बञ्चित हुनुपर्ने आवश्यकता छैन।''

## तपाईंको अभ्यासको निम्ति

१ विश्वासीहरूलाई प्रतिनिधित्व गर्ने दुइवटा गिलासहरूलाई हामीले यहाँ कोरेका छौं। पानी राखिएको अर्को भाँड़ोचाहिँ पवित्र आत्माको चिन्ह हो। उद्धार पाएको व्यक्ति र उद्धार पाएको र पवित्र आत्माको बप्तिस्मा भएको व्यक्तिलाई गिलासभित्र भएको पानी, गिलासको वरिपरि भएको पानी वा गिलासको माथि भएको पानीको चित्र बनाई नमूनित गर्नुहोस्।



**उद्धार पाएको** **उद्धार पाएको र पवित्र आत्मामा बप्तिस्मा भएको**

२ प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** पेन्तिकोसको दिनमा पत्रुसले भीड़लाई भने कि पवित्र आत्माको बप्तिस्मा १२० जना विश्वासीहरूका लागि मात्र हो।

**ख.** हामी एउटाले अर्कालाई पवित्र आत्मामा बप्तिस्मा दिन सक्दैनौं।

**ग.** परमेश्वरलाई महिमा गर्नका लागि पवित्र आत्माले हाम्रा स्वरहरूलाई प्रयोग गर्नुहुन्छ।

**घ.** अझै पनि परमेश्वरले आफ्ना पवित्र आत्मा खन्याउनुहुन्छ, तर केही विशेष मानिसहरूमाथि मात्र।



## पवित्र आत्माको अभिषेक

उद्देश्य २ *पवित्र आत्माको अभिषेक सम्बन्धीका वास्तविकता-हरूलाई चिन्नुहोस्।*

अभिषेकचाहिँ पवित्र आत्माका सेवाको एक महत्त्वपूर्ण रूप हो। यस शब्दको अर्थलाई अब हामी विचार गरौं।

*अभिषेक* गर्नु भनेको अर्थ विधिको रूपमा कसैमाथि वा केही थोकमा तेल खन्याउनु हो। परमेश्वरको सेवाको निम्ति कुनै व्यक्ति वा वस्तुहरूलाई छुट्ट्याउँदा पुरानो करार समयमा यसो गरिन्थ्यो।

दाऊदलाई इस्राएलका राजाको रूपमा छुट्ट्याउँदा अगमवक्ता शमूएलले दाऊदको शिरमा जैतूनको तेल खन्याएका थिए। तब त्यहाँ उल्लेखित विवरणले भनेको छ, "तब परमप्रभुको आत्मा दाऊदमाथि आउनुभयो, र त्यस दिनदेखि उसो तिनीसँग रहनुभयो" (१ शमूएल १६:१३)। जब मोशाले उजाड़-स्थानमा पवित्रस्थान-लाई अर्पण गरे, उनले पवित्र तेलद्वारा यसलाई र वेदीलाई

अभिषेक गरेका थिए (प्रस्थान ४०:९-११)। पहिलो प्रधान पूजाहारी हारूनलाई पनि अभिषेक गरिएको थियो (भजनसंग्रह १३३:२)।

तेल पवित्र आत्माको चिन्ह हो। *अभिषेक* शब्द आत्माको शक्तिले विशेष छुवाइलाई वर्णन गर्न प्रयोग गरिएको छ, जसद्वारा कुनै व्यक्तिले परमेश्वरको निम्ति केही गर्न सक्छ, जुन कुराचाहिँ ऊ आफैले गर्न सक्ने थिएन।

पवित्र आत्माको अभिषेकमुनि रहेर, दाऊदले धेरै भजनहरू रचे, जसलाई हामी भजनसंग्रह भन्छौं (२ शमूएल २३:१)। उनी अगमवक्ता पनि थिए र मृत्युबाट बौरिउठ्नुहुने येशू ख्रीष्टको बारेमा उनले अगमवाणी कहेका थिए (प्रेरित २:३०-३१)। यही अभिषेक वा पवित्र आत्माको शक्ति पत्रुसमाथि पनि आयो, जब उनले पेन्तिकोसको दिनमा ठूलो भीड़लाई प्रचार गरेका थिए (प्रेरित २:१४-३६)।

शुरूको मण्डलीले आर्थिक कारोबार गर्न र मण्डलीका काम कुराहरू मिलाउनका लागि डिकनहरू भनिने सात जना सहयोगीहरूलाई चुन्दा, "पवित्र आत्मा र बुद्धिले भरिका" मानिसहरूलाई चुनेका थिए (प्रेरित ६:३)। तिनीहरूका दैनिक जीवनका लागि पवित्र आत्माको अभिषेक आवश्यकीय ठानिएको थियो। शुरूको एकलेसियाका यति ठूला आत्मिक स्तरहरू थिए। यसैले हाम्रा यी दिनहरूमा पनि मण्डलीको प्रत्येक काम र सेवामा पवित्र आत्माको अभिषेकको कति धेरै ठूलो आवश्यकता छ! हाम्रो प्रार्थना, प्रचार, शिक्षा, सुसमाचार प्रचार, सरसल्लाह गाउने वा बाजागाजा बजाउनेजस्ता सबै कुराहरू नै परमेश्वरको महिमाको निम्ति पवित्र आत्माद्वारा अभिषेक भएको हुनुपर्छ। तब मात्र येशू ख्रीष्ट उचालिनुहुनेछ र मानिसहरू तिनीहरूका आफ्ना विश्वासमा निर्माण हुनेछन्।

### तपाईंको अभ्यासको निम्ति

**३** बायाँपट्टि दिइएको विवरणसँग दायाँपट्टि दिइएको व्यक्ति वा धारणा कुन मिल्छ, सोको जोड़ा मिलाउनुहोस्।

| | | |
|---|---|---|
| .....**क** | पवित्र आत्माको चिन्ह | १) पत्रुस |
| .....**ख** | अर्थ हुन्छ छुट्टयाइएको | २) दाऊद |
| .....**ग** | पहिलो प्रधान पूजाहारी | ३) तेल |
| .....**घ** | मण्डली सहयोगीहरू | ४) डिकनहरू |
| .....**ङ** | धेरै भजनहरू रचना गरे | ५) अभिषेक गरिएको |
| .....**च** | पेन्तिकोसको दिनमा प्रचार गरे | ६) हारून |
| | | ७) दाखमद्य |
| .....**छ** | पवित्रस्थान र वेदीलाई अभिषेक गरे | ८) पावल |
| | | ९) मोशा |
| | | १०) भरिनु |

## मण्डली निर्माण गर्नका लागि आत्मिक वरदानहरू

उद्देश्य ३ *मण्डलीको निर्माणमा आत्मिक वरदानहरूका भूमिकालाई वर्णन गर्ने बयान चिन्नुहोस्।*

आइतबार साँझको मण्डली सेवामा विश्वासीहरूले गाइरहेका, प्रार्थना गरिरहेका र प्रशंसा गरिरहेका थिए। एक्कासि त्यहाँ शान्त भयो। तब मण्डलीका एक जना सदस्यले चर्को र स्पष्ट आवाजमा बोल्न शुरू गरे। उनको सन्देशले येशू मुक्तिदातालाई उच्च पारेको थियो र उहाँमाथि विश्वास गर्न र उहाँको आज्ञा

पालन गर्नका लागि मानिसहरूलाई उत्साह दिइरहेको थियो। उनका शब्दहरू अधिकारसाथ गुञ्जीरहेका थिए र तिनीहरूले सान्त्वना र आशा ल्याएका थिए। पवित्र आत्माको यस बहाइमा प्रतिउत्तर दिनका लागि पास्टरले मानिसहरूलाई उत्साह दिइरहेका थिए। प्रशंसाको नयाँ लहर परमप्रभुतिर उचालिएको थियो। "यस्तो के भएको हो?" भन्दै मरियमले सुस्केरा हालिन्। "यो अगमवाणीमा दिइएको सन्देश हो, यस बारेमा पछि हामी अझै विचार गर्नेछौं" भनी तिमोथीले साउती गरे।

अब मानिसहरू प्रचार गरिएको परमेश्वरको वचन सुन्नलाई खुला प्रवृत्ति लिएर पर्खिराखेका थिए र पवित्र आत्माले मण्डलीको विश्वासीद्वारा दिनुभएको वाणी पनि वचन अनुरूप नै थियो।

वचन प्रचार गरिसकेपछि विशेष खाँचोमा परेका मानिसहरू प्रार्थनाको लागि अगाड़ि आउनु भनी पास्टरले निमन्त्रणा दिन्छन्। मण्डलीका केही अगुवाहरू अगाड़िपट्टि आएका मानिसहरूका वरिपरि उभिन्छन् र तिनीहरू प्रत्येकमाथि आ-आफ्ना हातहरू राख्छन्। यी बिन्तीहरूमा परमेश्वरको उत्तरको निम्ति एकसाथ प्रार्थना गर्न र विश्वास गर्नका लागि मानिसहरूलाई उत्साह दिइन्छ। प्रार्थनाको आवाज बेगसँग बगेको पानीको जस्तै थियो, र प्रत्येक व्यक्तिले आशिष् पायो।

सेवाको शुरूमा भएको घटनाचाहिँ पवित्र आत्माका वरदानहरूमध्ये अगमवाणीको वरदानको प्रदर्शन थियो। तिमोथी र मरियमले पछि यस बारेमा १ कोरिन्थी १४-मा अध्ययन गरे। तीन पदले हामीलाई बताउँछ कि जसले परमेश्वरको सन्देश (अगमवाणी बोल्ने)-को घोषणा गर्छ, उसले मानिससँग बोल्छ र तिनीहरूलाई सहायता, उत्साह र सान्त्वना दिन्छ।

पवित्र आत्माले भरिएका विश्वासीहरूका बीचमा जब पवित्र आत्माको हलचल (काम) हुन्छ, तिनीहरू भित्रबाट प्रेम

र शक्ति बाहिर बग्छ। यो ता बग्ने नदीजस्तै हो, जसले खाँचोमा परेका मानिसहरूलाई चङ्गाइ र जीवन ल्याउँछ। यस शक्तिको बहाइ *पवित्र आत्माका वरदानहरूको* प्रयोगमा विश्वासीहरूद्वारा आउँछ। आश्चर्यपूर्ण कुराहरूले ठाउँ लिन्छन्। मानिसहरू निको हुन्छन् र पापपूर्ण बानीहरूबाट छुटकारा पाउँछन्। मण्डली वृद्धि हुन थाल्छ।

आत्माका वरदानहरूलाई १ कोरिन्थी १४-मा उल्लेख गरिएका निर्देशनहरूअनुसार नै प्रदर्शन गरिनुपर्छ। ख्रीष्टले महिमा पाउनैपर्छ र विश्वासीहरू आत्मिक रूपमा वृद्धि हुनुपर्छ। हामी एकसाथ भेला हुने कुराले जीवन दिनुपर्छ भनी परमेश्वर चाहनुहुन्छ। हाम्रो भेटघाट अव्यवस्थित हुनुहुँदैन तर समेल र शान्तपूर्ण हुनुपर्छ (१ कोरिन्थी १४:३३)।

१ कोरिन्थी १२:८-१०-मा पवित्र आत्माका नौवटा सुन्दर वरदानहरूको सूची बनाइएको छ। प्रत्येक वरदान नै अद्वितीय र अलौकिक छ– अर्थात् प्रत्येक हाम्रो स्वाभाविक क्षमता वा योग्यताभन्दा अति नै माथि छ। आत्माका सबै कामहरूलाई हामीले पूर्ण रूपमा बुझ्न नसके तापनि हाम्रो निम्ति प्रभुले जे कुरा राख्नुभएको छ सो प्राप्त गर्नका लागि हामी खुला हुन आवश्यक छ।

छोटकरीमा, यी अलौकिक वरदानहरूलाई यसरी परिभाषित गरिएको छ। *बुद्धिको वचन* विशेष आवश्यकताको निम्ति विशेष बुद्धि हो– ठीक समयमा बोलिएको परमेश्वरको बुद्धिको अंश (भाग)। *ज्ञानको वचन*द्वारा पवित्र आत्माले कुनै विश्वासीलाई यस्ता कुराहरू बोल्ने बनाउनुहुन्छ, जुन कुराहरू उसले आफ्नै क्षमताद्वारा कहिल्यै भन्न सक्ने थिएन। विश्वासको वरदान अलौकिक क्षमतामा विश्वास गर्न सक्ने वरदान हो, विशेष गरी कुनै आवश्यकताको निम्ति।

*निको हुने वरदानहरू* पवित्र आत्माबाट विश्वासीद्वारा बग्छ, र त्यसपछि चङ्गाइको आवश्यकता परेको व्यक्तिमा त्यो पुग्छ। *आश्चर्यकर्महरूको काम* गर्ने वरदानद्वारा कुनै व्यक्तिले *पवित्र आत्माको* सामर्थ्यमा अलौकिक कामहरू गर्छ, जुन काम यस वरदानविना गर्न असम्भव छ। अगमवाणी पवित्र आत्माको शक्तिमा आफ्नै भाषामा बोल्नु हो, जसमा अहिलेको कुरा बोल्ने (प्रचारमा जस्तै) वा भविष्यको कुरा बोल्ने धारणा संलग्न छ।

*आत्माहरू छुट्ट्याउने* वरदानद्वारा पवित्र आत्माले एक व्यक्तिलाई आत्मा (परमेश्वरको आत्मा, मानिसको आत्मा वा दुष्ट आत्मा)-ले प्रकट गरेका कुराहरू हेर्न र जान्नका लागि सक्षम तुल्याउनुहुन्छ। *अन्य भाषाहरूको* वरदानचाहिँ कुनै विश्वासीले (व्यक्तिले) कहिल्यै नसिकेको भाषामा बोल्न सक्ने क्षमता हो। यो पार्थिव भाषा वा स्वर्गदूतहरूको भाषा हुन सक्छ। *अन्य भाषाहरूको अर्थ खोल्ने* वरदानले अर्को भाषामा भनिएको कुराको अर्थ दिन्छ। यस कुरालाई हामीले पुनः याद गर्नुपर्छ कि पवित्र आत्माको शक्तिद्वारा मात्र योग्यता र निर्देशन आउँछन्।

यदि तपाईंले *"तपाईंको सहयोगी मित्र"* भनिने आई सी आई-बाट प्रकाशित पुस्तकलाई अझै पढ्नुभएको छैन भने अहिले नै पढ्नुहोस्। पवित्र आत्माको बारेमा यसले तपाईंलाई गहिरो शिक्षा प्रदान गर्छ।

**"वरदानहरू विभिन्न किसिमका छन्, तर एउटै पवित्र आत्माले ती दिनुहुन्छ।"** *–१ कोरिन्थी १२:४*

परमेश्वरको वचनमा सिकाइएका यी आत्मिक वरदानहरूका निम्ति मण्डलीहरूले ठाउँ बनाउनैपर्छ। यी वरदानहरूले ख्रीष्ट र शुरूको मण्डलीका अनुग्रही सेवालाई आवश्यकताले भरिएको आजको संसारमा विस्तार गर्न सक्छन्। उहाँले भन्दा पनि हामीले ठूला कामहरू गर्छौं भनी येशूले प्रतिज्ञा गर्नुभएको छ (यूहन्ना १४:१२)। येशूले आफ्नो सट्टामा पठाउनुभएका पवित्र आत्मामा हामीले आफूलाई समर्पण गरेपछि यो सम्भव हुन्छ– उहाँ हामीभित्र, हामीमाथि र उहाँको मण्डलीद्वारा बाहिर जीवन दिने महान् शक्तिमा बहनुहुन्छ।

**तपाईंको अभ्यासको निम्ति**

यी अभ्यासहरूमा, वाक्यलाई पूरा गर्ने ठीक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**४** पवित्र आत्माका वरदानहरू किन दिइएका हुन्?

**क.** आत्मिक रूपमा वृद्धि हुनका लागि हामीलाई सहायता गर्न।

**ख.** अरू मानिसहरूलाई हामीप्रति आकर्षित गराउन।

**ग.** हाम्रा मण्डलीहरूलाई भिन्नै बनाउन।

**५** आत्माका वरदानहरू जब सञ्चालित हुन्छन्

**क.** तिनीहरूले परमेश्वरको वचनको स्थान ओगट्छन्।

**ख.** हामीलाई असजिलो लाग्छ र हामी अलमलमा पर्छौं।

**ग.** तिनीहरूले परमेश्वरको वचनसँगको मिलापमा काम गर्छन्।

६ यदि हामीले आत्माका वरदानहरूका बारेमा सबै कुराहरू बुझेनौं भने

**क**. "यो मेरो निम्ति होइन" भनी हामीले भन्नैपर्छ।

**ख**. हामीले साँच्चै बुझेको कुरालाई मात्र ग्रहण गर्नुपर्छ।

**ग**. पनि हामी प्रभुको अगाड़ि खुला हुनुपर्छ, किनकि ठीक काम गर्नको लागि हामीले जहिले पनि उहाँमा भरोसा राख्न सक्छौं।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ तपाईंको चित्र तल उल्लेख गरिएको जस्तो देखिन सक्छ।



४ क) आत्मिक रूपमा वृद्धि हुनका लागि हामीलाई सहायता गर्न।

२ **क** बेठीक
**ख** ठीक
**ग** ठीक
**घ** बेठीक

५ ग) तिनीहरूले परमेश्वरको वचनसँगको मिलापमा काम गर्छन्।

३ **क** ३) तेल
**ख** ५) अभिषेक
**ग** ६) हारून
**घ** ४) डिकन
**ङ** २) दाऊद
**च** १) पत्रुस
**छ** ५) हारून

६ ग) प्रभुको अगाड़ि खुला हुनुपर्छ, किनकि ठीक काम . . . उहाँमा भरोसा।